मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२७ Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : २३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ मंसीर २३ गते बिहीवार (Thursday, December 9. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**कोरोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं**

- श्वास फेर्न धेरै गाह्रो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महशुस भए,
- धेरै थकाई र कमजोरी महशुस भए,
- एकाएक रक्तचाप घटबढ भए,
- थोरै हिँड्दा स्वाँ-स्वाँ बढे,
- सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वैदेशिक रोजगार: पारिवारिक कलह बढ्यो

**झापा, मंसीर २२।** वैदेशिक रोजगारीले देशको अर्थतन्त्रमा टेवा पुऱ्याए पनि पछिल्लो समय पारिवारिक कलह बढ्दै गएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

वैदेशिक रोजगारीको असर परिवार विग्रहसँग मात्रै जोडिएको छैन, समाजका जघन्य अपराधका घटनाहरुमा पनि कुनै न कुनै रुपमा यो मामिला जोडिन थालेको प्रदेश १मा वैदेशिक रोजगारी मामिला जोडिएका विवादको जानकारी राख्ने अधिवक्ता बिनोदकुमार तिम्सिनाले बताए । उनले भने- यो समाजमा ठूलो चुनौतिको रुपमा देखिएको छ ।

जिल्ला अदालत मोरङका श्रेस्तेदार टीकेन्द्रवीरजंग राणाका अनुसार अहिले अदालत आउने व्यक्तिवादी मुद्दामा सबैभन्दा बढी सम्बन्ध विच्छेदका मुद्दा रहेका छन् । अदालतले मेलमिलाप गराउने प्रयास गर्छ, नभए मुद्दा प्रक्रियामा जान्छन् ।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार पनि सम्बन्ध बिच्छेदका मुद्दा बढ्दोक्रममा छन् । आर्थिक वर्ष ०७४/०७५ मा उच्च अदालत विराटनगर र मातहतका इजलासमा सम्बन्ध विच्छेदका मुद्दा ९३ थिए भने आर्थिक वर्ष ०७५/०७६ मा यो संख्या १४२ र आर्थिक वर्ष ०७६/०७७ मा १८४ पुगेको थियो । १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी नायव महानिरीक्षक (डीआइजी) अरुणकुमार बिसीले वैदेशिक रोजगारीले पारिवारिक कलह बढेको बताए । वैदेशिक रोजगारीका कारण परिवारमा हुने बिग्रह नेपाली समाजमा चुनौतिको रुपमा रहेको उनको भनाइ छ ।

कलहले अपराध बढाएको छ, मुद्दा बढेका छन् भन्दै उनले भने- सामाजिक विग्रह रोक्न प्रदेश प्रहरीले जनचेतना अभियान सञ्चालनको तयारी गरेको छ । कोरोना महामारीका



कारण सामाजिक सचेतनाका कार्यक्रम प्रभावित भए पनि निकट भविष्यमा प्रहरीले ग्रामीण र शहरी क्षेत्रमा यस सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने उनको भनाइ छ ।

नेपाल प्रहरीका प्रवक्ता बसन्तबहादुर कुँवरको भनाइमा, वैदेशिक रोजगारीले ठगी, बलात्कार, घरेलु हिंसा जस्ता सामाजिक अपराधलाई मात्रै बढाएको छैन, यो जघन्य हत्याको पनि कारक बन्न थालेको छ । आर्थिक वर्ष २०७७/०७८मा प्रदेश नं. १मा मात्रै ३६ जना श्रीमान्ले श्रीमतीको हत्या गरेका छन्, दुई जना श्रीमती श्रीमान्को हत्या अभियोगमा समातिएका छन् ।

आर्थिक वर्ष ०७६/०७७मा १ नम्बर प्रदेशमा श्रीमानले श्रीमतीको हत्या गरेको १२ मुद्दा दर्ता भएका छन् भने चार वटा घटनामा श्रीमतीले श्रीमान्को हत्या गरेका छन् । आर्थिक वर्ष २०७५/०७६मा श्रीमानले श्रीमतीलाई हत्या गरेको १० र श्रीमतीले श्रीमान्को हत्या गरेको ३ वटा मुद्दा दर्ता भएका छन् । कुँवरका अनुसार श्रीमतीको परपुरुषसँग सम्बन्ध रहेको थाहा पाउने वित्तिकै कलह भएका कतिपय घटना जबरजस्तीकरणीको उजुरीसम्म पुग्छ । तर, यस्ता अधिकांश घटनामा सहमतिमै हुने गरेको प्रहरी बताउँछ ।

'उजुरी आएपछि प्रहरीले दर्ता नगर्ने भन्ने हुँदैन, अधिकांश घटनामा दुवै पक्षको कमजोरी देखिन्छ'- उनी भन्छन्- 'जस्तै, बलात्कारको कुरा गर्दा शुरुमा उजुरी पर्छ, अनुसन्धान भएर फाइल अघि बढ्छ तर, जब त्यो केश न्यायिक निरुपणको बाटोमा प्रवेश गर्छ, त्यसपछि आपसी मिलापत्र हुँदा मुद्दा स्थापित नभएको घटनाहरु छन् ।' कतिपय घटना आर्थिक लेनदेनमा पनि टुंगिने गरेको उनी बताउँछन् ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार मुलुकमा कोरोना भाइरस महामारी भित्रिनु अघिसम्म नेपालबाट वार्षिक चारदेखि पाँच लाख नागरिक वैदेशिक रोजगारीमा जाने गरेका थिए । महामारीपछि यो संख्या घटेर डेढ लाखमा झरेको छ । वैदेशिक रोजगारीले नागरिकको आर्थिक हैसियत उकास्न सहयोग गरे पनि गम्भीर पारिवारिक र सांस्कृतिक विचलन पनि ल्याएको भन्दै यसले समाजमा नराम्रो प्रभाव पार्नेतर्फ बेलैमा सजग बन्नुपर्ने सामाजिक क्षेत्रका अगुवाहरुको भनाइ छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहे पनि यस्ता पारिवारिक कलहको विषयमा सरोकारवाला निकायले ध्यान नदिँदा समस्या झनै जटिल बन्ने र हत्या, आमहत्या लगायतका घटनामा वृद्धि हुन सक्नेतर्फ सजग बन्नुपर्ने प्रहरीको भनाइ छ ।

## १७ लाखसहित १६ जना पक्राउ

**काठमडौं, मंसीर २२।** काठमाडौँ महानगरपालिका-१५ विजेश्वरीस्थित रिट्रिट अपार्टमेन्टको तेस्रो तलामा कौडा खेलिरहेको अवस्थामा १६ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा काठमाडौँ कालिमाटी बस्ने भोजपुरका अरुण गाउँपालिका-१ घर भएकी विनिता परियारलगायत १६ जना रहेको महानगरीय प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

उक्त अपार्टमेन्टमा कौडा खेलिरहेको भन्ने सूचनाका आधारमा महानगरीय प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनीहरुलाई रु. १६ लाख ९० हजार पाँच सय र १६ थान कौडासहित पक्राउ गरेका हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

यसैबीच अपरिचित व्यक्तिको कुटपिटबाट भक्तपुरको सूर्यविनायक नगरपालिका-१ सिरुटार बस्ने ३३ वर्षीय राजन श्रेष्ठको मृत्यु भएको छ । सोही नगरपालिका-२ बालकोटस्थित हनुमन्ते खोलाको फलामे पुलतर्फ जाने बाटोमुनि कुटपिटबाट गम्भीर घाइते भएको अवस्थामा फेला परेका श्रेष्ठको उपचारका क्रममा मध्यपुर अस्पताल थिमीमा मृत्यु भएको प्रहरीले जनाएको छ । कुटपिटमा संलग्न व्यक्तिको पहिचान नभएको र घटनाको विषयमा सूक्ष्म अनुसन्धान जारी रहेको महानगरीय प्रहरी परिसर भक्तपुरले जनाएको छ ।

## जबरजस्ती करणी मुद्दाका दोषीलाई पाँच वर्ष कैद

**इलाम, मंसीर २२।** इलाममा जबरजस्ती करणी मुद्दाका दुई जना दोषीलाई पाँच वर्ष कैद सजाय भएको छ ।

१४ वर्षीया किशोरीलाई बलात्कार गरेको अभियोगमा सूर्योदय नगरपालिका-२का २३ वर्षीय लोकबहादुर भुजेल र वर्ष २३ कै सुमन राईलाई पाँच/पाँच वर्ष कैद सजाय भएको हो ।

जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्नामको एकल इजलासले दुवै जनालाई कैद सजाय सुनाएको हो । भुजेल र राईविरुद्ध २०७६ मंसीर १४ गते बालिकालाई जबरर्जस्ती करणीको मुद्दा दर्ता गरिएको थियो ।

यस्तै महिलामाथि अभद्र व्यवहार गरेको मुद्दामा इलाम

*(बाँकी अन्तिम पृष्ठमा)*

## भारतमा हेलिकप्टर दुर्घटना

**भारत, मंसीर २२।** भारतीय रक्षा प्रमुख (चिफ अफ डिफेन्स स्टाफ) विपीन रावत सवार सेनाको हेलिकप्टर बुधबार दिउँसो तमिलनाडुको कुन्नूरमा दुर्घटनाग्रस्त भएको छ । सेनाको यो हेलिकप्टरमा कूल १४ जना सवार रहेकोमा ११ जनाको शव निकालिएको छ ।

रक्षा प्रमुख विपीन रावतका साथै उनकी पत्नी र अन्य सैनिक अधिकारी पनि हेलिकप्टरमा थिए । दुर्घटना लगत्तै उद्धार कार्य शुरु गरिएको छ ।

दुर्घटनालगत्तै प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री राजनाथ सिंहलाई दुर्घटनाको जानकारी दिइएको थियो । रक्षा प्रमुख विपीन रावतको स्वास्थ्यको बारेमा जानकारीका लागि पर्खिरहेका छन् । यो समाचार तयार पार्दासम्म उनको अवस्थाको विषयमा केही जानकारी नआएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् । दुर्घटनापछि स्वास्थ्यलाभको कामना गर्दै विपीन रावतको जन्मस्थल पौडी गढवाल जिल्लावासीले मन्दिरमा पूजाआजा शुरु गरेका छन् ।

रक्षा प्रमुख रावत चढेको हेलिकप्टर दुर्घटनापछि घटनास्थलमा उद्धार कार्य शुरु गरिएको थियो । यसपछि घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको थियो । यस दुर्घटनामा हालसम्म ११ जनाको मृत्यु शव निकालिएको छ ।

**पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा मंसीर २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)




प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था निर्देशनालय
**यातायात व्यवस्था सेवा कार्यालय**
इलाम, प्रदेश नं. १, नेपाल

मिति: २०७८।८।२२

**स्वास्थ्य परीक्षण दस्तुरको न्यूनतम् दररेट पेश गर्ने सम्बन्धी सूचना**

यस कार्यालयवाट दैनिक रुपमा सवारी चालक अनुमति पत्रको प्रतिलिपि, नवीकरण तथा नयाँ दर्ता निवेदन समेतका लागि आवश्यक पर्ने निरोगिताको प्रमाण-पत्र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली २०७७ को अनुसुची १९ प्रमाणित गर्नका लागि नेपाल सरकारवाट मान्यता प्राप्त (नेपाल मेडिकल काउन्सीलमा दर्ता भएको)चिकित्सक आवश्यक भएको हुँदा ( उक्त प्रमाण-पत्रको फोटोकपीसहित) तपशिल वमोजिमको शर्तको अधिनमा राखी रु. १० को टिकट टाँसी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा आफूले प्राप्त गरेका प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि राखी इच्छुक चिकित्सक स्वयम् कार्यालयमा उपस्थित भई गोप्य शिलवन्दी निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

- न्यूनतम् के कति रकममा सेवाग्राहीको स्वास्थ्य परीक्षण गरी निरोगिता प्रमाणित गर्ने हो ? सो रकम अंक तथा अक्षरमा स्पष्ट खुलेको हुनुपर्नेछ र सो रकम सेवाग्राहीबाटै असूल गरी लिनुपर्नेछ । बुझिलिएको रकमको पान नं. भएको बिल जारी गर्नुपर्ने छ । साथै स्वास्थ्य परीक्षण गर्ने स्वीकार गरेको रकम बाहेक अन्य कुनै पनि शीर्षकमा सेवाग्राहीबाट अतिरिक्त शुल्क लिन पाइने छैन ।
- जमानत वापत चिकित्सकले कोष तथा लेखा नियन्त्रक कार्यालय इलामको प्रदेश अन्तर्गत नेपाल बैंक इलाम शाखामा रहेको धरौंटी खाता नं. ख- २-३ खाता नं. ०४००२०००००२००३०००००१ मा रु १,००,०००।- (एक लाख) धरौटी राखी सोको सक्कल भौचर निवेदन साथ सम्लग्न गर्नुपर्ने छ ।
- यस कार्यालयमा अनलाइन सेवामार्फत कम्प्युटराइज गरिएको प्रणालीमा सम्बन्धित चिकित्सकलाई युजर आइडी दिइने छ । त्यसैको माध्यमबाट आफ्नै पासवर्ड स्वास्थ्य परीक्षणको व्यहोरा प्रविष्ट गर्नुपर्ने छ र सोको जवाफदेहीता स्वयम् चिकित्सकमा रहने छ ।
- चिकित्सकले कार्यालय समयभरि बस्नुपर्ने छ । आवश्यक परेमा सार्वजनिक विदा वा बिहान बेलुकाको समयमा पनि स्वास्थ्य परीक्षण गर्नुपर्ने छ ।
- चिकित्सक उपस्थित हुन नसकेको दिन वा विदा लिई बस्नुपर्ने भएमा चिकित्सक स्वयम्ले आफू सरहका चिकित्सकको बैकल्पिक व्यवस्था गरेर मात्र बिदा बस्नु पर्नेछ । सोको अग्रिम जानकारी कार्यालयलाई दिनुपर्ने छ ।
- सवैभन्दा कम दरमा स्वास्थ्य परीक्षण गर्न निवेदन पेश गर्ने चिकित्सकको निवेदन स्वीकृत गरिनेछ । छनौट भएको चिकित्सकले सक्कल प्रमाणपत्र समेत पेश गरी सम्झौता गरी तत्काल कार्य शुरु गर्नुपर्ने छ ।
- म्याद नाघी वा शर्त पूरा नगरी पेश गरेका निवेदन स्वीकृत गरिने छैन ।
- चिकित्सकले कम्प्युटर, ल्यापटप आफै व्यवस्था गर्नुपर्ने छ ।
- स्वास्थ्य परीक्षणका लागि कार्यालयले उपलब्ध गराएको स्थानमा आवश्यक उपकरण तथा फर्निचर आफैले व्यवस्था गर्नुपर्ने छ ।
- कार्यालयको दैनिक सेवालाई अवरोध गर्ने मनसायले निवेदन पेश गरी स्वीकृत भए पश्चात सम्झौता गर्न नआएमा निजले राखेको धरौटी जफत गरी सो पछिको न्यूनतम दररेट पेश गर्ने चिकित्सकको निवेदन स्वीकृत गरी सम्झौता गरिने छ ।
- दर्ता हुन आएका शिलवन्दी निवेदनहरु स्वीकृत गर्ने-नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

**गोप्य शिलवन्दी निवेदन पेश गर्ने अन्तिम मिति : २०७८।०९।०७ गते दिनको १:०० बजेसम्म ।**
**गोप्य शिलवन्दी निवेदन खोलिने मिति : २०७८।०९।०८ गते दिनको १:०० बजे ।**

**धनलाभ बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-५, झापाको

**सूचना ! सूचना !! सूचना !!**

संस्थाको विनियम २०७० परिच्छेद ६ को दफा ३६ (१) बमोजिम अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१ र बाँकी ७ जना सदस्य र सोही विनियमको दफा ४२ (२) बमोजिम लेखा सुपरिवेक्षण समिति संयोजक-१, सदस्य-२ गरी जम्मा ३ जनाको आगामी ४ वर्ष कार्यकालका लागि स्वच्छ, पारदर्शी, विवादरहित प्रजातान्त्रिक तवरबाट निर्वाचन सम्पन्न गराउन निम्नानुसारको निर्वाचन कार्यक्रम सम्पूर्ण शेयर सदस्यहरुलाई यस सूचनाद्वारा जानकारी गराइन्छ ।

| सि.नं. | निर्वाचन कार्यक्रम | मिति | समयदेखि | समयसम्म | स्थान |
|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०७८/०९/०९ | १०:०० | १०:३० | धनलाभ बचत तथा ऋण सहकारी संस्थाको कार्यालय |
| २. | मतदाता नामावली सच्याउने | २०७८/०९/०९ | १०:३० | १०:४५ | |
| ३. | छुट नामावली समावेश | २०७८/०९/०९ | १०:४५ | ११:०० | |
| ४. | मतदाता नामावलीमा दाबी विरोध | २०७८/०९/०९ | ११:०० | ११:१५ | |
| ५. | अन्तिम मतदाता नामावली प्रंकाशन | २०७८/०९/०९ | ११:१५ | ११:३० | |
| ६. | उम्मेदवारको मनोनय दर्ता | २०७८/०९/०९ | ११:३० | १२:३० | |
| ७. | उम्मेदवारको नामावली प्रकाशन | २०७८/०९/०९ | १२:३० | १२:४५ | |
| ८. | उम्मेदवार उपर दाबी विरोध | २०७८/०९/०९ | १२:४५ | १:०० | |
| ९. | दाबी विरोध पश्चात नामावली प्रकाशन | २०७८/०९/०९ | १:०० | १:१५ | |
| १०. | उम्मेदवारी फिर्ता | २०७८/०९/०९ | १:१५ | १:४५ | |
| ११. | अन्तिम नामावली प्रकाशन | २०७८/०९/०९ | १:४५ | २:०० | |

१२. मतदान - पछि सूचना प्रकाशित हुने
१३. मतगणना - निर्वाचन समाप्त भएपश्चात
१४. परिणाम घोषणा - मतगणना समाप्त भएपश्चात

**निर्वाचन समिति**
**धनलाभ बचत तथा ऋण सहकारी संस्था लि.**
**बिर्तामोड-५, झापा**

**ठाकुर पोलिक्लिनिकमा विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा**

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914
Consultant Physician
समय: दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

**डा. शम्भु नवल**
MBBS MS (TU/IOM)
Gold Medalist NMC 6724
Consultant General Lepeoscopic & Uro-Surgeon
समय: दैनिक बिहान ७-८ बजेसम्म

**डा. शशांकराज पोखरेल**
(MBBS) MD (Psychiatry) BPKIHS, Dharan
वरिष्ठ टाउको नसा तथा मानसिक रोग विशेषज्ञ
समय: प्रत्येक दिन दिउँसो ५ बजेपछि

**डा. लभराज लोहनी**
Fellowship Of Rheumatologist
(AIIMS, New Delhi) NMC 11300
MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
समय: प्रत्येक बिहान ७-९ बजेसम्म, साँझ ५-६ बजे

**डा. केशव ढकाल**
MBBS MD (BPKIHS) Dermatologist NMC 2910
वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ
समय : प्रत्येक दिन २ बजेपछि

**डा. विवेक रौनियार**
MBBS MD (Neuro Physician) NMC
वरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ
समय: प्रत्येक शनिबार मध्यान्न १२ बजेपछि

**डा. केशव मण्डल**
MBBS (BPKIHS) NMC 13303
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक बिहान ८-१० बजे र साँझ ५ बजेपछि

**डा. अरुण फुयाल**
MBBS MD (KUSMS) NMC 18337
Radiologist & Imaging
समय: दैनिक बिहान ७-८ बजेसम्म साँझ ५ बजेपछि

**डा. धीरज गिरी**
MBBS, MS (ENT)
वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ
दैनिक सेवा

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१

## जवरजस्ती ...

नगरपालिका-१२ का रेशबहादुर राउतलाई आठ महिना कैद सजाय भएको छ। राउतविरुद्ध अदालतमा सार्वजनिक स्थान वा प्रवेश गर्ने कानूनी अधिकार नभएको स्थानमा प्रवेश गरी महिलालाई अभद्र व्यवहार गरेको आरोप थियो ।

## होटल बिक्रीमा

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
**मो. ९८०६०३३१५३, ९८२६९०३२५५**

## पसल बिक्रीमा

बिर्तामोड नगरपालिका-५ ग्लोबल आइएमई बैंक छेउ शनिश्चरे रोडमा रहेको किराना पसल तु-बिक्रीमा छ ।
**सम्पर्क : ९८१४००४८७०**

## बिमालेख हरायो

शनिश्चरेबाट बिर्तामोड जाने क्रममा यही मिति २०७८/०७/०७ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- पूजा दाहाल
**ठेगाना**:- अर्जुनधारा नपा, झापा
**पोलेसी नं.**:- २०३००२५३८
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.लि
**सम्पर्क**: ९८१५०४७९३६

# डा. सन्दिप चन्द्र श्रेष्ठ

## वरिष्ट फिजिसियन

MBBS (KTM) KU. MD (JRRMMC)

**वरिष्ट पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइड रोग विशेषज्ञ**

**प्रत्येक दिन बिहान र बेलुका**

सम्पर्क: **सनसाइन मेडीसीन सेन्टर**
भद्रपुररोड, सानिमा बैंक अगाडि बिर्तामोड, (फोन नं.: ०२३-५३४१३२)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

## टाङटिङ खोला पुल (लम्बाई ७५ मिटर) निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति: २०७८/०८/२३*

नेपाल सरकार, सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा १ नं. प्रदेशको झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नम्बर २ को बेलटार चोक तथा गजाबारीबीच भई बग्ने टाङटिङ खोलामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | टाङटिङ खोला पुल (लम्बाई ७५ मिटर) |
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर<br>फोन नं.: ०१-५२६०१७५, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com<br>वेबसाइट : http://www.dor.gov.np/mb |
| सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोन नं. : ०१-४२११७३२, ०१-४२११८८०, इमेल: info@mopit.gov.np |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | झापा जिल्ला, अर्जुनधारा नगरपालिका |
| निर्माण व्यवसायी तथा परामर्शदाताको नाम र ठेगाना | रसुवा हिमदुङ्ग थोकर जे.भी. धपासी काठमाडौं<br>इमेल: rcc@mos.com.np, फोन नं. ०१-४३५४३६७ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना : | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय,चाकुपाट ललितपुर,<br>फोन नं. : ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

## सुखानी खोला पुल (लम्बाई ५० मिटर) निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति: २०७८/०८/२३*

नेपाल सरकार, सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा १ नं. प्रदेशको इलाम जिल्ला, माई नगरपालिका वडा नम्बर ४ को सुखानी गाउँ बीच भई बग्ने सुखानी खोलामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | सुखानी खोला पुल (लम्बाई ५० मिटर) |
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर<br>फोन नं. : ०१-५२६०१७४, ०१-५३५०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com<br>वेबसाइट: http://www.dor.gov.np/mb |
| सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोन नं. : ०१-४२११७३२, ०१-४२११८८०, इमेल: info@mopit.gov.np |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | इलाम जिल्ला, माई नगरपालिका |
| निर्माण व्यवसायी तथा परामर्शदाताको नाम र ठेगाना | रसुवा हिमदुङ्ग थोकर जे.भी. धपासी काठमाडौं)<br>इमेल: rcc@mos.com.np, फोन नं. ०१-४३५४३६७ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र लिखित रायसुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना : | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर,<br>फोन नं. : ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

## सुखानी साहादत स्थल खोला पुल (लम्बाई ३० मिटर) निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति: २०७८/०८/२३*

नेपाल सरकार, सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा १ नं. प्रदेशको इलाम जिल्ला, माई नगरपालिका इलाम वडा नम्बर ४ को सुखानी गाउँ माईबीच भई बग्ने सुखानी साहादत स्थल खोलामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | सुखानी साहादत स्थल खोला पुल (लम्बाई ३० मिटर) |
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर<br>फोन नं.: ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com<br>वेबसाइट: http://www.dor.gov.np/mb |
| सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोन नं. : ०१-४२११७३२, ०१-४२११८८०, इमेल: info@mopit.gov.np |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | इलाम जिल्ला, माई नगरपालिका |
| निर्माण व्यवसायी तथा परामर्शदाताको नाम र ठेगाना | रसुवा हिमदुङ्ग थोकर जे.भी. धपासी काठमाडौं<br>इमेल: rcc@mos.com.np, फोन नं. ०१-४३५४३६७ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना : | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर,<br>फोन नं. : ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com |

## बृद्धा स्याहार गर्ने महिला चाहियो

बिर्तामोडमा स्थायी घर भएकी, ज्येष्ठ नागरिकको स्याहारका लागि २०देखि ४० बर्षसम्मकी एक जना महिलाको तु-आवश्यकता परेको हुँदा इच्छुक र स्याहारसुसार गर्न सक्ने महिलाले निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोला ।

**तलब: आपसी समझदारीमा (आकर्षक)**
**सम्पर्क मिति: २०७८ मंसीर २३ गतेदेखि २९ गतेसम्म**
**सम्पर्क: ९८४२७११३०९, ९८०११२९५५६**

नोट: बृद्धबृद्धा स्याहार गर्न अनुभव भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

# उपकार

ब्राण्ड

अब हर घरको शान

स्वस्थ र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

**नटराज एग्रो प्रा. लि.** दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

*प्रकाशित मिति: २०७८/०८/२१*

यस नगरपालिकाबाट चालू आर्थिक वर्ष २०७८/०७९ का लागि घरायसी प्रयोजनका लागि बायोग्याँस निर्माण गरी कृषकलाई अनुदान वितरण गर्नुपर्ने भएको हुँदा स्थानीय स्तरमा कार्यरत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा चालू आ.व.का लागि सूचिकृत बायोग्याँस निर्माण कम्पनीहरुले सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमका कागजातसहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

1. **बायोग्याँस कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि**
2. **आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि**
3. **कम्पनीको स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपि**
4. **वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा चालू आ.व.का लागि सूचिकृत प्रमाण**
5. **आ.व.२०७८/०७९ को लागि स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको नवीकरणको प्रतिलिपि ।**

**- प्रमुख प्रशासकीय अधिकृत**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

झापाको शिवसताक्षीमा सञ्चालित गोलोक गोवर्द्धन गौशालाका लागि देहाय बमोजिमका स्थायी कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिदेखि ७ दिनभित्र तल उल्लेखित ठेगानामा हस्तलिखित निवेदन पेश गर्नुहुन यो सूचना गरिन्छ ।

**(क) पदः पशु तथा प्राङ्गरिक मल सम्बन्धि ज्ञान भएको (प्राविधिक)**
आवश्यक संख्याः एक योग्यताः सम्वधित विषयमा स्नातक उत्तीर्ण
काम गर्नुपर्ने समयः ८ घण्टा तलवः नेपाल सरकारले सो पदमा तोके अनुसारको हुनेछ ।

**(ख) पदः गौमुत्र संकलक**
आवश्यक संख्याः एक काम गर्नुपर्ने समयः ८ घन्टा
तलवः नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक अनुसार हुने छ ।

**(ग) पदः गौचरक**
आवश्यक संख्याः २ काम गर्नुपर्ने समयः८ घन्टा
तलवः नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक अनुसार हुने छ ।

**(घ) पदः कुटी काट्ने**
आवश्यक संख्याः एक काम गर्नुपर्ने समयः ८ घन्टा
तलवः नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक अनुसार हुने छ ।

**(ङ) पदः गोबर सोर्ने**
आवश्यक संख्याः एक काम गर्नुपर्ने समय ( ८ घन्टा
तलवः नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक अनुसार हुने छ ।

**घ) पदः पराल सम्बन्धि काम गर्ने**
आवश्यक संख्याः एक काम गर्नुपर्ने समयः ८ घन्टा
[redacted]रले तोकेको न्यूनतम् पारिश्रमिक अनुसार हुने छ ।
[redacted]स तथा खानाको व्यवस्था छ ।
[redacted] जनालाई रोजगार बनाइने छ ।
[redacted]एमाथि सबैलाई आवास तथा खाना, तथा बालबालिका[redacted] श्री
[redacted]तथा सामुदायिक विद्यालयमा अध्ययन गर्ने व्यवस्था गौ[redacted]।
[redacted]थानः **गोलोक गोवर्द्धन गौशाला, सताक्षीधाम ९८५२६३**[redacted]
**नवज्योति पुस्तक पसल झिलझिले, ९८४४६००**[redacted]
**पाथिभरा बुक्स एण्ड स्टेशनरी झिलझिले , ९**[redacted]
[redacted]**गौशाला शिवसताक्षी नगरपालिका वडा नम्बर ११ सत**[redacted]

## भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा प्रदेश नं. १ नेपाल

## हक दाबी गर्ने सम्बन्धी सूचना

भद्रपुर नगरपालिका वा.नं. ६ बस्ने श्री निर्मलादेवी गुप्ताको नाममा दर्ता कायम रहेको साविक भद्रपुर-९ हाल भद्रपुर न.पा.वा.नं. ६ को कि.नं.७०,७१, ७२ र ७३ जम्मा व.मि. १८६.२३ जग्गामा भवन निर्माण गर्न नक्सा पास गरी पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा दक्षिणतर्फको सँधियार श्री हिरालाल गुप्ता सरजमिन स्थलमा अनुपस्थित हुनुभएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कुनै किसिमको दाबीविरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगरपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनुहोला । म्यादभित्र दाबी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

## होटल तालिममा भर्ना खुल्यो

**१००% रोजगारसहित CTETE बाट मान्यता प्राप्त होटल तालिममा भर्ना खुल्यो**

काठमाडौंबाट सञ्चालित एसीयन होटल ट्रेनिङ्को ५०% सहयोगमा अब हाम्रो बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो ।

**तालिमहरु :**
- कुक, इण्डीयन, चाइनीज, कन्टीनेन्टल, इटालियन
- वेटर, हाउसकिपिङ्ग आदि

**हाम्रा विशेषताहरु**
- काठमाडौंको 5star होटलका सेफद्वारा तालिम दिइने
- तालिममा चाहिने सम्पूर्ण सामान काठमाडौंबाटै ल्याइने
- तालिम पछि आफै कम्पनीबाट विदेश पठाइने
- तालिममा दक्ष नभए पुन: रि-तालिम गरी दक्ष बनाइने
- तालिमपछि काठमाडौं लगायत विभिन्न ठाउँमा जब लगाइने छ ।

सिट सिमित भएकोले आजै सम्पर्क गरौं ।

**एसीयन हस्पिटालिटी प्रा. लि.,** बिर्तामोड, झापा
**पश्चिम बस स्टेण्डबाट २०० मिटर दक्षिण (मो. ९८१२३५१२२६, ९८१२३५१२७२)**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।




**भूपाल बुढाथोकी**
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड-५, झापा**

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बास्तोला**
९८२५९२७४७७
९८०६०९०७८१
९८४९५०४७७१
९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा

## VARANNYA HEALTHCARE AT HOME

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं ।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं ।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं ।

**उपलबध हुने सेवाहरू**
- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**

### वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.

**बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं ।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ । यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा ।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :
- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा ।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा
- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टो[redacted]व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५[redacted]२५९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल [redacted]नाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होम[redacted]री (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०[redacted]प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय [redacted]३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# भ्रष्टाचार विकासको बाधक

**सुशासन कुनै पनि देशको विकासको आधारशिला हो । सुशासन पारदर्शिता हो, जसले राज्यका सञ्चालकहरुको व्यवहार, चरित्र र नैतिकताको यथार्थ चित्र प्रस्तुत गर्दछ । अझ प्रष्टरुपमा भन्ने हो भने अधिकार प्राप्त व्यक्तिले प्रयोग गरेको अधिकार विधि, पद्धति र प्रक्रियाभन्दा बाहिर जाँदैन र त्यहाँ कुनै व्यक्तिगत लाभ वा स्वार्थ पूरा गर्ने दुराशय रहन्न । सार्वजनिक पदधारण गरेको कुनै पनि अधिकार प्राप्त व्यक्तिले गलत नियतले, आर्थिक लाभ लिने उद्देश्य र पदको दुरुपयोग गरी गरेका काम भ्रष्टाचारको कोटीमा पर्दछ । जसले जनअपेक्षा, राष्ट्रको आवश्यकताको पूर्तिमा अवरोध खडा गर्छ । त्यसैले यस्तो विकृतिको अन्त्य गर्दै पारदर्शी शासन व्यवस्था कायम गर्ने उद्देश्यले नेपालमा भ्रष्टाचारविरुद्धको सवैधानिक अङ्ग अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन गरिएको छ ।**

**भ्रष्टाचार यतिबेला विश्वकै साझा समस्याका रुपमा रहेको छ । त्यही कारण अठार वर्षअघि संयुक्त राष्ट्र संघको महासभाले भ्रष्टाचारमुक्त शासन र विश्व व्यवस्थाको कल्पना गर्दै डिसेम्बर ९ लाई भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउन आह्वान गरेको थियो । त्यही अनुरुप आज यो दिवस विश्वभरि नै मनाइने गरिन्छ । भ्रष्टाचारले आम मानिसमा शासन व्यवस्था, प्रणाली, विचार र सिद्धान्तप्रति नै वितृष्णा जन्माउँछ, आम निर्वाचनप्रति अविश्वास बढाउँछ । यस्तो संक्रमणकालकै अवस्थामा रहेको नेपाल र नेपालीका लागि त दुर्भाग्यपूर्ण नै हुनसक्छ । त्यहीकारण नेपालको संविधानको भाग २१ र धारा २३८, २३९ मा उल्लेख गरेरै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी पदको दुरुपयोग गरेको सूचनाका आधारमा अनुसन्धान गर्न र दोषी पाइए दण्डित गर्ने व्यवस्था गरिएको छ ।**

**मानिसको सबैभन्दा ठूलो सम्पत्ति र विशिष्टता भनेकै ऊ भित्रको सोच, व्यवहार, गुण र नैतिकता हो । त्यसैले भनिन्छ 'सादा जीवन उच्च विचार' । यसको सार्थकता व्यक्तिमा निहीत गुण र नैतिक शक्तिले पुष्टि गर्दछ । दरवारको सुखशयल त्यागेर ज्ञान र सत्कर्मको खोजीमा हिंडेका सिद्धार्थ अन्ततः भगवान बुद्ध बने । भारतका राष्ट्रपिता भनिने महात्मा गान्धी सरल जीवन र उच्च विचारकै कारण सम्मानित भए । तर, अहिलेका मानिसमा भौतिक सुख, भोग बिलास र ऐश्वर्य प्राप्तिको प्रतिष्पर्धा देखिएको छ । यसका लागि लाखौं होइन करोडौंको भ्रष्टाचारका घटना सार्वजनिक भइरहेका छन् । तर, सत्ताको आडमा न उनीहरुको आरोपको अनुसन्धान गरिन्छ न त दण्डित गरेर अनैतिक गतिविधिलाई निरुत्साहित नै गरिन्छ । आफ्नो पसिना, कर्म र पौरखमा रमाउने बानी स्थापित गर्न दोषीलाई कानूनी दायरामा ल्याउनैपर्छ । भ्रष्टाचार गरेर पैसा र सुख कमाउनु क्षणिक आनन्द प्राप्त गर्नु हो, तर त्यसले पार्ने दीर्घकालीन प्रभाव उसकै लागि घातक हुन्छ । त्यसैले भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा सभ्य, उन्नत, पारदर्शी, स्वतन्त्र र स्वाभिमानी जनता, समाज र राष्ट्र निर्माणको शुभकामना व्यक्त गरौं ।**

# मुलुकमा परिवर्तन कहिले आउला ?



उदय मैनाली

सत्ययुगको स्वस्थानीको गरिबी र आधुनिक युगको मुनामदनको र हालैको गरिबीमा फरक छैन। देशमा हालत उही छ भने गणतन्त्र आए पनि जनतालाई के फरक भयो त ?

नीतिले चल्ने भएकाले राज्य सञ्चालकलाई नेता भनिएको हो। राज्यको असल नीतिले देश चलाउनेलाई राजनेता भनिन्छ। देश चलाउन प्रणाली चाहिन्छ। प्रणालीमा विधिको शासन हुन्छ। हिजोआज यसलाई सुशासन भन्ने गरिएको छ। तर, हामी कहाँ सुशासन सिकाउन बुच कमिशन २००९ देखि नै विदेशी आए। पछिल्लो समय सुशासनमा ध्यान दिन मित्रराष्ट्र चीनका राष्ट्रपति आए। तर, देश भाँडभैलोतिर गइरहेको छ। उत्तरदक्षिण सबैले माया नगरेका होइनन्। राम्रो होस् भनेरै दिल्लीमा बाह्र बुँदे सम्झौता भएको हो। अहिले सत्ताको किचलो यसकै परिणाम हो। बीऊ जे रोपिन्छ फल त त्यही फल्ने नै भयो। देशको तमासा हेर्दा हाम्रो संघीयता



र गणतन्त्र निल्नु न ओकल्नु भएको छ। खर्च धानी सक्नु छैन। एक राजा फालेर हजारौं महाराजालाई देशले धान्ने कसरी ?

मुद्दाको चाङ सगरमाथा झैं चुलिएको छ। चार प्रधानन्यायाधीशदेखि कार्यकारी प्रमुखसम्मको गाली-बेइज्जती, अदालतको मान हानी, अपहेलना कैयन् मुद्दाको ओइरो लागेको छ एकैपटक ! बेमौसमको चुनावी नाराले देश फेरि एकपटक अस्थिरताको भूमरीमा फसेको छ। कोरोनाले तंग्रिन नपाउँदै आर्थिक अवस्था पुनः जर्जर हुने अवस्थामा छ। झन्डै एक वर्षको बन्दाबन्दीमा जनता बेसाहारा भएका नेता, दलका कार्यकर्ताको नाक-मुख नदेखिएका बेला अहिले सडकमा उनीहरूको भीड पोखिएर तीनै जनता फेरि आजित हुने अवस्थामा पुगेका छन् बाटामा हिँड्न नपाएर। दुबै छिमेकीमा त्यति मिठास छैन। एकातिर कालापानी र लिपुलेक तगारो बनेको छ भने अर्कातिर घर, कोठा चहार्दा सुपरग्लूले पनि काम गरेन।

राजनेतामा नभइन हुने गुण भनेको प्रजा रक्षा नै हो। सरकारले जनता र भू-भागको रक्षा गर्नुपर्छ। ऊ निरहंकारी, उदार, कर्तव्यपरायण, सबैलाई माया गर्ने, क्रोध नगर्ने, राजसी र तामसी शैलीलाई जितेर सात्विक शैलीको हुनुपर्ने, अरूको निन्दा नगर्ने, धीर, क्षमाशील, विषयवस्तुको ज्ञाता, बुद्धिमान, न्याय दिने, जितेन्द्रीय, समयलाई जान्न सक्ने, प्रिय बोली बोल्ने, श्रद्धालु, दुःखीको पनि सेवक हुनुपर्ने हो। यस्तै शैलीले गान्धीले देशभित्र मात्रै होइन, सबैको मनमाथि विजय पाए। नेता भनेर साधु नै हुनुपर्ने होइन, तर सज्जन हुन जरुरी छ, कारण बडाले गरेको काम अरूले सिक्ने हुन्। आफ्ना गुप्तचरीबाट जनताको मर्म बुझी संविधान अनुसार देश हाँक्ने जिम्मा पाएकालाई नै राजनेता भनिन्छ। सिस्टमले चल्ने कारण बेलायतमा अलिखित संविधान छ, सयौं वर्षको इतिहासमा अमेरिकी संविधान बेलाबखत संशोधन भयो। तर, मूल संविधान उही छ। छिमेकी भारतमा पनि आवश्यकता अनुसार संशोधन भए पनि संविधान एउटै छ। तर, यति सानो देश नेपालमा सात दशकमा सात थान संविधान आयो। त्यो पनि पूरै व्यवस्था बदलिने गरी। अचम्मको जात्रा हुँदै अहिले उत्कृष्ट भनिएको संविधान बनाउनेहरू नै यसप्रति धावा बोलिरहेका छन्।

व्यवस्था टिकाउन पहिले ट्रक, लहरीमा काठमाडौं उपत्यकाका कुनाकाप्चाबाट खुलामञ्चमा मान्छे झिकाइन्थ्यो, सडकमा चहलपहल देखाइन्थ्यो, अहिले पनि उही शैलीमा सडकमा मान्छे उतारिँदै छ। हो, केही फरक छ। पहिलेको तुलनामा मानिसको संख्या आकाशिएको छ। जनसंख्याको चापसँगै यसको आकार वृद्धि हुनु स्वाभाविक हो। तर, यो चाप एकै स्वरमा विकासका लागि भएको भए बढी राम्रो हुने थियो। नीतिले भन्छ- फूलको बास्ना हावाको दिशा एकातिर मात्र जान्छ, तर राम्रो कामको बास्ना चारैतिर। गरीबको दैनिक रोजीरोटी सडकमा फल्दैन, आङ ढाक्ने कपडा बाटोमा सित्तै पाइन्न। औषधिमूलो, सामान्य शिक्षादेखि भविष्यको जोहो गर्नुपर्ने चिन्ताले सताइएका नेपालीले सधैँ सडकमा देखिने नारा र जुलुसले अघाउँदैनन्। लाठी र गालीको वर्षाले भोको पेट भरिँदैन।

दैनिक आवश्यकता पूरा गर्न नसक्नेको संख्या ६८ लाख पुगेको तथ्यांक बाहिर आएकै हो। जसोतसो जीवन धानेका हुन्। सडकको नारा-जुलुस सित्तैमा हेर्न पाइन्छ। तर, बाँकी सबै कुरा महँगो मूल्यमा खरिद गर्नुपर्छ। त्यो पनि स्वदेशी वस्तु होइन, विदेशी नै ! धर्मनिरपेक्षका हातको राज्यमा पशुपतिमा बत्ती बालेर, सुनको जलहरी फेरेर पुकारा गर्दैमा देशको कल्याण होला र ! देशमा हरेक संकट आउनुअघि दोलखाका भीमसेनलाई पसिना आएकै हो। देश चलाउने एउटा दल तीन चिरामा धाँजा फाट्दा कसले जिम्मा लिने ? यसको असर नेपालीजनलाई परेको छैन भनी कसरी भन्ने ? गरीबलाई सपनाका महलमा राखेर दैनिक औंला ठड्याउँदै भाषणबाजी गर्दैमा जनता उत्साहित हुँदैनन्। उनीहरूको चुलो पनि बल्दैन। गरीबले तिरेको करले एकै नेतालाई ७० जना सुरक्षाकर्मी किन दिनुपर्‍यो ! जनताले कसरी धान्ने ? जनअनुमोदित भनिएकालाई यत्रो संख्याको सुरक्षा घेरामा किन राख्नुपर्ने हो ?

# जहिल्यै पनि जनता मारमा

नवराज सिटौला

नेपाली जनता हरेक क्षेत्रमा मारमा परिरहेको बेला सरकार रमिते बनेको अहिले मात्र होइन धेरै अगाडिदेखि नै हो। हरेक क्षेत्रमा आम्दानी बराबर कर असुली रहेको बेला जनता बुझेर या अबुझ भएर पार्टीको कार्यक्रममा उपस्थित हुने र नारा लगाउने पनि कमि छैनन्। यसले देशको जनतालाई रोजगार सिर्जना गरेको छ या पेटको भोक टारेको छ यो पनि जनताले बुझ्नुपर्ने कुरा हो।

धेरै अगाडि नजाउ २०५२ साल फागुन १ गतेदेखि शुरु भएको सशस्त्र जनयुद्धले धेरै को घरपरिवार उजाडेको छ त थोरैको धनी बन्ने सपना पनि पूरा गरेको छ। जनताको निम्ति भनेर गरिएको १० बर्षे जनयुद्धले के दियो एकपटक सोच्ने हो कि ? बलात्कारको घटना छिटपुट रुपमा सुनिन्थ्यो। तर, हिजोआज दैनिक बलात्कारको घटनाले पहिलो स्थान पाएको छ। बलात्कारपछि हत्याको कारण अकालमा ज्यान गुमाउनेको संख्या बढ्दै जादा हरेक घटनाको बचाउमा राजनीतिक दलको संरक्षण रहेको पाइन्छ। यस्तो प्रवृत्तिले समाजमा अराजकता निम्त्याएको पनि जगजाहेर नै छ। हरेक क्षेत्रलाई नियालेर हेर्ने हो भने जनता मारमा नै देखिन्छन्।

अरु कुरामा मात्र नभएर विश्वभर कोरोना महामारीले उग्र रुप लिएको अवस्थामा पनि नेपाल सरकारले दान अनुदानमा दिएको खोप मात्र लिइयो देशको जनतालाई बाच्न पाउने अधिकारको बदलामा रोजगार गुमेर समस्या परेको अवस्थामा समेत विभिन्न संघ-संस्थाले रोजगार गुमेका र समस्यामा परेका मान्छेलाई विभिन्न सहयोग गरिरहँदा पनि सरकारले त्यस्ता व्यक्ति संघ-संस्थालाई सहयोग गर्नुभन्दा भोको पेटमा लात हान्ने काम मात्र गरिरह्यो। विभिन्न देशले उपलब्ध गराएको खोपहरु पनि पार्टीको कार्यकर्ताले मात्र चाडो पाउन सके पहुँच नभएकाहरुले अहिलेसम्म पनि खोप पाउन सकिरहेका छैनन्। खोप किनेर ल्याउन नसक्ने अवस्थामा रहेको तत्कालीन एमाले सरकारले अहिले आफ्नो पार्टीको महाधिवेशनको लागि मात्र करोडौं खर्च गरेको छ।


लकडाउनको समयमा खान नपाएकोलाई भनेर ल्याएको चामल सडिएर गयो, तर पीडितले समयमा पाउन सकेनन्। तर, आफ्नो पार्टीको प्रचारको लागि भने चौरासी व्यञ्जन बनाएर खुवाउन सके। यति पीडा भोग्दा पनि जनताले सही पार्टी र नेता चिन्न नसकेर पार्टीको झन्डा एक प्लेट मासु र रक्सीको लागि बोकेर आफ्नो भविष्य र परिवारको भविष्य अध्यारोमा राखीरहने हो भने देशले विकास र सही निकास पाउन सक्दैन र यस्तो पीडा हरेक पुस्ताले भोगिरहनुपर्नेछ। हरेक देशमा जनता कारमा र नेता सरकारमा हुन्छन्। तर, नेपालमा नेता कारमा र जनता मारमा रहिरहन्छन्। जनताको सरकार भए जनताको पिडा बुझ्नुपर्ने हो। तर, देश र जनताभन्दा माथि आफू र आफ्नो पार्टी सोच्ने अनि आफू पार्टी अध्यक्ष र सरकारमा मात्र रहन चाहने कुनै पनि नेतृत्वले देश र जनताको लागि काम गर्छ भनेर सोच्नु मुर्खता बाहेक केही होइन।

रुखमा भोट हालौं कांग्रेसलाई जिताउ भन्ने नाराले कांग्रेस पनि धेरै पटक सरकारमा पुग्यो, तर कांग्रेसको सरकारले गरेको चित्त नबुझेर एमाले पनि आयो झन् अगाडि अगाडिको चुनावको नारा सम्झिँदा त घर-घरमा सबको बोली हाम्रो नेता केपी ओली भन्ने नाराले केपी ओली नेतृत्वको सरकारले केही गर्छ कि भन्ने आश थियो। तर, केपी ओली दुईपटक सरकारमा पुग्दा पनि कार्यकर्ता बाहेक आम जनता खुशी हुन सकेनन्।

कोरोना महामारीमा पनि आफ्नो पद र कुर्सी बचाउन कार्यकर्ता भेला गर्ने कार्यमा मात्र व्यस्त रहे। अब पनि जनताले सही नेता चिन्न नसके पछुताउनुको विकल्प हुने छैन। कुर्सी र सत्ता मोह पार्टीको शीर्ष नेतामा रहिरहे अन्य धेरै कुरामा जनता मारमा पर्नुपर्ने हुन्छ। अब पनि जनताले पार्टीको गलत क्रियाकलापको ढाकछोप गरेर अगाडिको दुःख चुनावको बेला बिर्सने हो भने धेरै पुस्ता मारमा पर्नुपर्ने निश्चित छ। गरीबको घरमा जाडोमा न्यानो झरीमा ओत लाग्ने व्यवस्थामा सरकारले जोड दिनैपर्छ।

सत्तामा बसेर भत्ता खानेले झत्तामा बसेर पत्ता खानेको स्थिति बुझ्नैपर्छ। बिशेष गरेर पार्टीले चुनावी नारामा बृद्धभत्ता मा ध्यान दिएर बुढापाकाको भोट आफ्नो पोल्टामा पार्ने गर्दछन्। चुनावको नाराले बृद्धभत्ता बढाए पनि बृद्धभत्ता दिइने रकम तिनै बुढापाकाको छोराछोरी नातिनातिनालाई कर बढाएर दिइरहेका हुन्छन् भन्ने बिर्सन हुँदैन।

जनतालाई हरेक क्षेत्रमा कर मात्र बढाएर वेरोजगारको स्थिति सिर्जना गरेर खाडी मुलुकमा बेचिन बाध्य बनाउन हुँदैन। त्यही खाडी मुलुकमा रगत पसिना बगाएर ल्याउने रेमिट्यान्सले आफ्नो नेता कार्यकर्ताको मात्र पेट भरेर आम जनता र सर्वसाधारणलाई मारमा पारेर कदापी देशले विकासको गति लिन सक्दैन।



# तेस्रो लिङ्गीदेखि रिक्सा चालकसम्मलाई सम्मान

**बिर्तामोड, मंसीर २२।** लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत झापासहित देशभर विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका बेला बिर्तामोडमा भने महिलाहरुले फरक तरिकाले लैङ्गिक हिंसाविरुद्धको अभियान मनाएका छन्।

लैङ्गिक हिंसाविरुद्धका कार्यक्रममा अधिकार र कानूनका कुरा भइरहेका बेला बिर्तामोड-४ सुन्दर टोलमा रहेको सुन्दर आमा समूहले भने लैङ्गिक हिंसाविरुद्ध अभियानमा तेस्रो लिङ्गी, महिला इ-रिक्सा चालक तथा असल बुहारीलाई सम्मान गर्दै मनाएका छन्।

महिलाहरुलाई आत्मनिर्भर गर्दै आर्थिकरुपमा सशक्तिकरणमा टेवा पुर्‍याउने उद्देश्यले नगदसहित सम्मान गरिएको समूहकी अध्यक्ष तुलसादेवी उप्रेतीले जानकारी दिइन्। बिर्तामोड नगरपरिक्रमा गर्दै महिला हिंसाविरुद्धको सचेतनामूलक कार्यक्रम गरिएको बताइएको छ।



सम्मानित हुनेहरुमा तेस्रो लिङ्गी वर्षा रानी, काजल रानी र शितल रानी रहेका छन्। त्यस्तै इ-रिक्सा चालक महिलाहरुमा प्रभा तिम्सिना, बुनु थापा, लक्ष्मी नेपाली र बुद्धिमाया किस्कु रहेका छन्। सुन्दर आमा समूहले असल बुहारीको रुपमा निशा ओली(आचार्य)लाई सम्मान गरेको छ भने आमा समूहलाई अघि बढ्न प्रेरणा दिने तथा सहयोगीको रुपमा महत्वपूर्ण सहयोग गरेको भन्दै सीता चापागाँईलाई सम्मान गरेको समूहकी कोषध्यक्ष गंगादेवी शिवाकोटी(ढकाल)ले जानकारी दिइन्।

सुन्दर आमा समूहकी अध्यक्ष तुलसादेवी उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड-४ का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक हरि बराल, सुन्दर समुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष उत्तम खनाल, महिहला उद्यमी संघकी अध्यक्ष पार्वता खरेल, नागेश्वर मन्दिरका अध्यक्ष रघुनाथ थपलिया, वयोवृद्ध ध्रुव आर्चाय लगायतले समुन्दर आमा समूहले महिला हिंसाविरुद्ध उत्कृष्ट कार्यक्रम गरेको भन्दै प्रशंसा गरे। महिलाहरुलाई सम्मान गर्दै उनीहरुको सशक्तिकरण्मा आमा समूहले खेलेको भूमिका उदाहरणीय भएको सहभागिहरुको भनाइ छ।

समाजमा अपहेलितरुपमा रहेका तेस्रो लिङ्गीहरुलाई सम्मान गर्दै उनीहरुलाई पनि समाजमा अघि बढाउने उद्देश्यले फरक ढङ्गबाट कार्यक्रम गरेको भन्दै आमा समूहको यो काम प्रशंसा योग्य भएको बताइएको छ।

कार्यक्रमको औचित्यमाथि समूहकी कोषाध्यक्ष गंगादेवी शिवाकोटी (ढकाल)ले प्रकाश पारेकी थिइन् भने स्वागत सदस्य रेखा उप्रेती(सुवेदी) ले गरेकी थिइन्। कार्यक्रमको सञ्चालन समूहकी सदस्य रश्मिला खतिवडाले गरेकी थिइन्।

# दोमुखाको २२औं साधारण सभा

**सुरुङ्गा, मंसीर २२।** दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुरुङ्गाको २१औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

२०५६ सालमा सुरुङ्गा क्षेत्रका अगुवा कृषकहरुद्वारा स्थापित सो सहकारी संस्थामा २०७८ असार मसान्तसम्ममा कुल शेयर रकम एक करोड ६५ लाख ६० हजार पुगेको छ र कुल नाफा दुई लाख ३१ हजार ७८ रुपैयाँ भएको छ।

संस्थाका अध्यक्ष भरतकुमार थपलियाको सभापतित्व र झापा क्षेत्र नं. ४ का प्रदेश सभा सदस्य एवम् पूर्व मन्त्री हीराकुमार थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा आयव्यय, नीति तथा कार्यक्रम समेटिएको प्रतिवेदन प्रस्तुत गरिएका थिए।

सबै शेयर सदस्यहरूलाई संस्थागत सुरक्षा, सेवा र सुविधामा वृद्धि गरी शेयर रकम दुई करोड पुर्‍याउने लक्ष्य राखिएको छ। संस्थाको कार्यक्षेत्रभित्रका सहकारीहरूबीच एकीकरण गरी संस्थागत विकास र सदस्यहरूको लाभलाई प्राथमिकता दिने नीतिलाई यथावत राखिएको छ।

त्यसरी नै सो साधारण सभामा लेखा समितिका संयोजक मदनकुमार ढकालले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए। सभाले ती प्रतिवेदनहरु पारित गरेको थियो। कार्यक्रममा भगवती बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुरुङ्गाका अध्यक्ष खेमप्रसाद प्रसाई, सहकारी अभियन्ता चम्पा सुवेदी, कनकाई नगरपालिका वार्ड नं.४ का वार्ड अध्यक्ष गोविन्द पौडेल लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कनकाई उद्योग वाणिज्य संघको कनकाई अतिथि सदनमा भएको सो कार्यक्रमको सञ्चालन सञ्चालक समितिका सचिव छवि थपलियाले गरेका थिए।

# दुर्घटनामा दुईजनाको मृत्यु

**विराटनगर, मंसीर २२।** सुनसरी र उदयपुरका दुई छुट्टाछुट्टै ठाउँमा सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् ।

सुनसरीको कोशी गाँउपालिका-२ लौकहरीस्थित मधुबन सडकखण्डमा को २ त ९९६७ नम्बरको ट्याक्टरले को ३६ प ४०२७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा स्थानीय ४० बर्षीय मनोज यादव घाइते भई उपचारको लागि जिल्ला अस्पताल इनरुवा पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

उता उदयपुरको त्रियुगा नगारपालिका-११ स्थितमा बेल्टारबाट गाईघाट आउँदै गरेको प्रदेश नम्बर १-०५-००१ प ३५९२ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा स्थानीय ४६ बर्षीय कर्ण सुन्दास, त्रियुगा-१३ राई चौकका चालक २९ बर्षीय बिरेन राई समेत घाइते भई उपचारको लागि न्युरो हस्पिटल बिराटनगर पठाइएकोमा उपचारको क्रममा सुन्दासको मृत्यु भएको प्रहरीले जनाएको छ ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

*नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।*


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

### गोयाङ्ग खोला पुल (लम्बाई ८० मिटर) निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मितिः २०७८/०८/२३*

नेपाल सरकार, सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा १ नं. प्रदेशको झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वडा नम्बर २ को गजाबारी तथा रातेगाउँ बीच भई बग्ने गोयाङ्ग खोलामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | गोयाङ्ग खोला पुल (लम्बाई ८० मिटर) |
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर<br>फोन नं.: ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com<br>वेबसाइट : http://www.dor.gov.np/mb |
| सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोन नं. : ०१-४२११७३२, ०१-४२११८८०, इमेलः info@mopit.gov.np |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | झापा जिल्ला, अर्जुनधारा नगरपालिका |
| निर्माण व्यवसायी तथा परामर्शदाताको नाम र ठेगाना | रसुवा हिमदुङ्ग थोकर जे.भी. धपासी काठमाडौं<br>इमेलः rcc@mos.com.np, फोन नं.०१-४३५४३६७ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना : | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय,चाकुपाट ललितपुर,<br>फोन नं. : ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

### बुढी सुखानी खोला पुल (लम्बाई ५० मिटर) निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मितिः २०७८/०८/२३*

नेपाल सरकार, सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा १ नं. प्रदेशको झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नम्बर ३ को सुखानी तथा इलाम जिल्ला, माई नगरपालिका वडा नम्बर ४ सुखानीबीच भई बग्ने बुढी सुखानी खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | बुढी सुखानी खोला पुल (लम्बाई ५० मिटर) |
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर<br>फोन नं.: ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com<br>वेबसाइटः http://www.dor.gov.np/mb |
| सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोन नं. : ०१-४२११७३२, ०१-४२११८८०, इमेलः info@mopit.gov.np |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | इलाम जिल्ला, माई नगरपालिका र झापा जिल्ला, अर्जुनधारा नगरपालिका |
| निर्माण व्यवसायी तथा परामर्शदाताको नाम र ठेगाना | रसुवा हिमदुङ्ग थोकर जे.भी. धपासी काठमाडौं<br>इमेलः rcc@mos.com.np, फोन नं. ०१-४३५४३६७ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना : | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय,चाकुपाट ललितपुर,<br>फोन नं. : ०१-५२६०१७४, ०१-५३३०९२९<br>इमेल : mb@dor.gov.np, & mabhpd@gmail.com |


## कर्मचारी चाहियो

बिर्तामोड-४, स्थित बस्नेत फ्रेस हाउसका लागि खसी काट्न र बेचन जान्ने मान्छे तु-चाहियो ।
तलब सुविधा : १४०००+खान/बस्न
सम्पर्क : ९८०३४०१९७०

## घर तथा जग्गा बिक्रीमा

बिर्तामोडस्थित मुक्ति चोक नजिकै महेन्द्र राजमार्गले छोएको कमर्सियल घर बिक्रीमा छ । साथै बिर्तामोड नपा वार्ड नं. २ मा रहेको ७ कठ्ठा जग्गा एकमुष्ठ बिक्रीमा छ ।
सम्पर्क : ९८५२६७२५९६

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२,
९८५२६४१७

## HERFY FOOD SERVICE
## SAUDI ARABIA मा रोजगारको अवसर



कम्पनी : HERFY शहर : SAUDI

पूर्व स्वीकृति मिति: LT No. 247202 चलानी नं.

```
An error occurred while printing this page.
Error: rangecheck        Offending Command: image
Suggestions:
Value in PostScript file is out of range. Restart your
printer and send document again. Try proof print or
moving some elements off the page.
```

| | काम | करार |
|---|---|---|
| on | ९ घण्टा २६ दिन | २ वर्ष |

नोट : यस अफिसलाई कम्प्युटरमा दक्ष एक जना डकुमेन्टेशन अवाश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**फाइनल अन्तरवार्ता यही मंसीर २४ गते शुक्रबार बिर्तामोडमा हुनेछ ।**

**YOUNG Manpower Pvt. Ltd.**
BATTISPUTALI-09, KATHMANDU, NEPAL
Mob.: 9825911000, 9863521198, 9824985055, 9825912000, 9852682008, 023-590240

## साझा से... तथा ढ...

झापामै पहिलोपट... र सस्तो ढल ... सरसफाईको ला...




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।




सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## आवश्यकता

यस ग्रीन मार्ट प्रा.लि. कम्पनीमा केही दक्ष, अनुभवी कर्मचारीको माग भएको हुँदा इच्छुक व्यक्तिले कार्यालयमा सम्पर्क गर्नुहोला ।
**पदः** P.R.O. (M.R. अनुभवीलाई प्राथमिकता)
**योग्यता :** +२, एसईई वा सो सरह
**तलबः** १५०००।- **दस्तुरः** ३००।-
**कागजातः** नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपी, ३ प्रति पीपी साइजको फोटा
**सम्पर्कः** ९८६६६७२५७९ (बिर्तामोड)
९८१९०८३०७७, ९८१७०५०१५८ (दमक)


## जिल्ला निर्वाचन कार्यालय

भद्रपुर, झापा

### मतदाता नामावली नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई मतदाता नामावलीमा नाम दर्ता गराउने जिल्ला निर्वाचन कार्यालय झापाको अत्यन्त जरूरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यालय झापाले मिति २०७८/०८/१७ गतेदेखि मतदाता नामावली नाम दर्ता टोली खटाउँदैछ । नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तद्नुरुपको कागजातहरु लिई उपस्थिति हुनका लागि अनुरोध गरिन्छ ।

**तपशिल**

| क्र.सं. | स्थानीय तहहरुको नाम | कार्यक्रम सञ्चालन हुने मिति | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | बिर्तामोड नपा, अर्जुनधारा नपा, हल्दिबारी गा.पा. कमल गा.पा., शिवसताक्षी नपा र कन्काई नपा | वि.सं. २०७८/०८/१७ गतेदेखि वि.सं. २०७८/०९/०२ सम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| २. | मेचीनगर नपा, बुद्धशान्ति गा.पा., कचनकवल गा.पा., गौरादह नपा, झापा गा.पा., बाह्रदशी गा.पा. | वि.सं. २०७८/०९/०४ देखि २०७८/०९/१८ गतेसम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| ३. | भद्रपुर न.पा. | निरन्तर दर्ता | जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय भद्रपुर झापा |
| ४. | दमक न.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय दमक, झापा |
| ५. | गौरीगञ्ज गा.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापा |

**आवश्यक कागजातहरु**

१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाणपत्र मात्र ।
२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाण पत्र र बसाइसराईको सक्कल प्रमाण पत्र ।
३. विवाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमतीको नागरिकता तथा विवाह दर्ताको सक्कल प्रमाण पत्र ।

द्रष्टव्यः बाहिर जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगाना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यालय भद्रपुर झापामा मिति २०७८/०८/१७ देखि २०७८/०९/१८ सम्ममा सम्पर्क राख्नु होला ।

**जिल्ला निर्वाचन कार्यालय** **तुलसीकुमार नेपाल : जिल्ला निर्वाचन अधिकारी**


## UAE र KUWAIT मा खान/बस्नसहित रोजगारको सुवर्ण अवसर

कम्पनी : KFC शहर : UAE
पूर्व स्वीकृति मितिः २०७८/०६/१५ LT No. 249656 चलानी नं. ६०१६८३०५

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Team Member (male) | ३०० | 1200/-AED+Food | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

कम्पनी : KFC शहर : Kuwait
पूर्व स्वीकृति मितिः २०७८/०६/१५ LT No. 249656 चलानी नं. ६०१६८३०५

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Team Member (male) | ३०० | 120/-KD+Food | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | Waitress | ५० | 115/-KD+Food | | | |
| ३. | Light Driver | ५० | 115/-KD+Food | | | |

नोटः अंग्रेजी राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उमेरको हकमा २१ वर्षदेखि ३० वर्षसम्मको हुनुपर्नेछ । उचाइ ५ फिट ५ इञ्च हुनुपर्नेछ ।

**फाइनल अन्तरवार्ता यही मंसीर २६ गते आइतबार सिद्धार्थ होटल बिर्तामोडमा हुनेछ ।**

**VRINADIT SERVICES Pvt. Ltd.**
Sanepa, Kathmandu (Mo. 9842665853, 9807934609, 9807915228

## UAE मा TAXI DRIVER र फ्याक्ट्री हेल्परमा रोजगारको अवसर

कम्पनी : BAKMART CO.
LT No. 212236 चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 100 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

कम्पनी : CARS TAXI CO.



| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | TAXI DRIVER | 100 | 1500/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1000/- AED ग्यारेन्टी गरिन्छ । ट्याक्सी ड्राइभरको हकमा पहिला गएकाहरुले 4000/- AED भन्दा बढी कमाई गरिरहेका छन् ।

**फ्याक्ट्र हेल्परले अन्तरवार्ता दिनु नपर्ने, ट्याक्सी ड्राइभरको फाइनल अन्तरवार्ता यही २४ गते शुक्रबार बिर्तामोडमा हुनेछ ।**

**सगुन ओभरसीज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (**फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९**)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय अनुकूल चलेको छ, बोलीको प्रभावले मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, यो समय स्वास्थ्यले पनि साथ दिनेछ, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो छैन ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आजको दिन तपाईंको पक्षमा छ, नयाँ कामको थालनी गरे उपयुक्त लाभ मिल्नेछ, विपरीत लिङ्गी साथीबाट यथोचित लाभ मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न रहला, मन अशान्त रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** कुनै कष्टकर यात्रा गर्नुपर्नेछ, धन, स्वास्थ्यको साथै साथीभाइमा पनि बिमुख हुने दिन छ, पढाईमा रूची घटेर जानेछ, धैर्य रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पराक्रम बृद्धिको योग रहेको छ, छोटोदूरीको सामाजिक यात्रा हुनेछ, मिष्टान्न भोजनको समय छ, स्वास्थ्य सामान्य गडबडी हुन सक्छ ध्यान दिनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मानसिक असन्तोष पैदा हुनेछ, कुटुम्बहरूसँग सुमधुर सम्बन्ध बनाउने कोशिस गर्नुहोला, कार्यसिद्धिमा बाधाको योग परेको छ, धैर्य रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय निक्कै प्रभावशाली देखियो, मेहनतले सम्मानित स्थान दिलाउनेछ, रोकिएका काम सूचारू ढंगले अगाडि बढ्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्ना बाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले धप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गोचरमा चन्द्रमा तपाईंको शिर माथि रहेको छ, उक्त अवधिभरी तपाईंको दिन अनुकुलको रहनेछ, शुख आनन्द प्राप्त रहला, मन प्रशन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** कार्यसिद्धिको योग रहेको छ, मान-सम्मानमा बृद्धि हुनेछ, स्वास्थ्यले साथ दिनेछ, उच्च अधिकारीबाट साथ र हौसला प्राप्त रहला ।